# बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बरहथवा, सर्लाही
## मधेश प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८२/०८३ को
# वार्षिक नीति, कार्यक्रम तथा बजेट


फोन नं. +९७७ (०४६) ५४०३१०
इमेल ठेगाना: barahathawamun@gmail.com
वेव साइट: barhathwamun.gov.np

**बरहथवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बरहथवा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति

**वार्षिक नीति कार्यक्रमका आधारहरु**

१. नेपालको संविधान २०७२, धारा ४ बमोजिम मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरु ।
२. नेपाल सरकारबाट जारी भएको सोह्रौं योजना र प्रदेश सरकारबाट जारी गरिएको पहिलो आवधिक योजना ।
३. नेपाल सरकारले प्रतिवद्धता गरेका विभिन्न प्रतिज्ञाहरु, दिगो विकासका लक्ष्यहरु
४. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त निर्देशन तथा परिपत्रहरु ।
५. चुनावी घोषण पत्र
६. बरहथवा नगरपालिका, नगर कार्यपालिकाको बैठक र नगर सभाबाट जारी गरिएका ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु
७. स्थानीय समाजसेवी, बुद्धिजीवि, शिक्षा प्रेमी, उद्योगी, ब्यापारी, नागरिक समाज, टोल विकास संस्थाका प्रतिनिधिहरु, मजदुर, किसान, लगायत संघ संस्थाहरुबाट संकलन गरिएका सुझावहरु ।
८. वडा स्तरीय गाँउ टोल, बस्ती-बस्तीहरुबाट संकलित योजना तथा कार्यक्रमहरु ।
९. विषयगत समिति तथा शाखाहरुबाट पेश भएका र संचालन हुने योजना तथा कार्यक्रमहरु ।

**वार्षिक नीति तथा कार्यक्रमका उद्देश्यहरु**

१. जनताको माँग र नगरपालिकाबाट प्रवाह हुने सेवामा एकरुपता ल्याउने ।
२. नीति, कार्यक्रम तथा बजेट वीचको सामञ्जस्यता कायम गरी नगर भित्रको सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त, जवाफदेही, पारदर्शी र सेवाग्राही मैत्री बनाई सुशासन प्रवर्द्धनमा टेवा पुर्याउने ।
३. स्थानीय सरकारबाट प्रदान गरिने स्वास्थ्य, शिक्षा, कृषि, रोजगार प्रर्वद्धन, पूर्वाधार विकास, वातावरण तथा विपद ब्यवस्थापन जस्ता विकासका अवसरहरुमा गरिब, सीमान्तकृत तथा बञ्चित वर्ग र समुदायको सहभागिता सुनिश्चित गर्ने र विकासको लाभांशलाई समन्यायिक ढंगले वितरण गरी समतामुलक समाजको स्थापनामा परिलक्षित गर्ने,

## विषयगत क्षेत्र अनुसार प्राथमिकतामा परेका मुख्य नीतिहरु

- **आर्थिक विकास सम्बन्धि नीतिहरु**
  १. सहरी विकास मन्त्रालयको सहकार्यमा चालु आ.व.मा निर्माण कार्य भै रहेको चामल तथा रेडिमेड बजारमा आधुनिक व्यवसायीक भवन निर्माण कार्य सम्पन्न गराई हालको रेडिमेड (हङ्कङ्ग) बजारका स-साना व्ययवसायीहरुलाई सहुलियत दरमा व्यवसाय संचालन गर्ने वातावरण मिलाइनेछ ।
  २. हालको प्रचुन बजारमा ब्यापार गरिरहेका स-साना उद्यमी ब्यापारीहरुका लागि सोहि स्थानमा नयाँ भवन संरचना बनाई नियमानूसार प्रक्रिया अपनाइ सकेम्म सहुलियत दरमा उपलब्ध गराउने वातावरण मिलाइनेछ ।
  ३. यस नगरपालिका क्षेत्र भित्रका सबै वडाका कृषकहरुलाई लक्षित गरी प्रत्येक खेत सम्म सिँचाइ सुविधा पुर्याउन कृषि विद्युतिकरण, डिप बोरिङ्ग, सौर्य उर्जा सिँचाइ प्रविधिको विकास कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ ।
  ४. थोरै जमीन भएका कृषकहरुलाई विशेष अनुदानको व्यवस्था गरी व्यवसायिक तरकारी खेती तर्फ आकर्षित गरिनेछ ।
  ५. किसानहरुको कृषिजन्य उत्पादनलाई सुरक्षित गर्न कृषि विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
  ६.पशु विकास फर्म तथा व्यावसायलाई थप सेवा र टेवा पुर्याइनेछ । पशु स्वास्थ्य शिविर र पशु मेला कार्यक्रम लाई ब्यवस्थित गर्दै लगिनेछ ।
  ७. दुध, तरकारी, माछा, मासु आलु, मकै उत्पादन गर्ने किसानलाई सहुलियत ऋणको ब्यवस्था मिलाई बरहथवालाई कृषि पर्यटकीय स्थलको रुपमा पहिचान दिलाउने कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

➢ ***“राजस्वमा वैज्ञानिक सुधार, समृद्ध बरहथवाको मूल आधार”*** **नारा सहित राजस्व सुधार सम्बन्धि नीतिहरु कार्यान्वयनका लागि निम्नानुसारको पहलकदमी गरिनेछ ।**

१. बरहथवा नगरपालिकाको स्वीकृत वागमती नदीको वातावरणीय प्रभाव मूल्यांकन (ई.आई.ए.) को आधारमा वालुवा, गिट्टी खनिज उत्खनन् कार्यबाट संकलन हुने राजस्व वृद्धि गर्न थप रणनीति कार्यान्वयनमा ल्याइने छ ।

२. नगरपालिकाको स्वामित्वमा रहेको बजार क्षेत्रका सटर तथा भवनहरुको बाँकी बक्यौता घर भाडा कडाइका साथ संकलन गरिनेछ । सम्झौता विना बसेका भवन तथा सटरहरुलाई व्यवस्थित गरिनेछ । बाँकी बक्यौता राख्ने ठेकेदार/व्यक्तिहरुलाई कालोसूचीमा राखी अव उपरान्त नगरपालिकाको आन्तरिक आयको कुनै पनि ठेक्कामा भाग लिनबाट बंचित गराईनेछ ।

३. बहाल विटौरीका जग्गाहरुको नयाँ नाप जाँच गरी विद्युतिय प्रणाली मार्फत कर संकलन गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ लागु गरिनेछ ।

४. राजस्वका थप संभावित क्षेत्रहरु पहिचान गरी दायरा विस्तार गरिनेछ ।

५. नगर क्षेत्र भित्रका सबैभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी करदाता सम्मान कार्यक्रम गर्ने व्यवस्था मिलाइनेछ ।

६. राजस्व सुधारका लागि सम्भाव्यता अध्ययन कार्य विज्ञहरुबाट सेवा परामर्श लिई **“प्रगतीशील कर प्रणाली”** लागू गरिनेछ ।

७. महालेखा परीक्षकहरुबाट सम्पन्न भएको लेखा परीक्षण प्रतिवेदनको आधारमा असुल उपर गर्नुपर्ने बेरुजु रकम कडाइका साथ असुल उपर गरिनेछ ।

८. बरहथवा नगरपालिका भित्र व्यवसाय गरि रहेका ब्यवसायीहरुलाई लाई कर, राजस्व, व्यवसाय दर्ता तथा मास्केवारी प्रविष्टीकरण सम्बन्धि अभिमूखिकरण तालिम दिई व्यवसाय दर्ता प्रक्रियामा ल्याइनेछ ।

## सामाजिक विकास तर्फका नीतिहरु

➢ ***“आधारभूत स्वास्थ्य नगरबासीको मौलिक अधिकार, विशेषज्ञ सेवा सहितको उपचार”*** **मूल नारा सहित स्वास्थ्य सम्बन्धि नीतिहरु लाई निम्न अनुसार लागु गरिनेछ ।**

१. नगर अस्पताल बरहथवामा विशेषज्ञ चिकित्सक सहितको उपचार सेवा प्रारम्भ गरिएकोमा सुविधा सम्पन्न शल्यक्रिया (सीएस), भिडियो एक्सरे, ल्याव, ब्लडबैंक, आइ.सी.यु. सहितको अत्याधुनिक सुविधा सम्पन्न प्रसुतिगृह विशेष प्राथमिकताका साथ संचालनमा ल्याइनेछ ।

२. साविकको प्राथमिक स्वास्थ्य केन्द्र बरहथवा-६, हाल नगर अस्पताल बरहथवाको हाल सम्मको लेखापरीक्षण गराई एक द्वार प्रणालीबाट खर्च गर्ने नीति कार्यान्वयनमा ल्याइने छ ।

३. स्वास्थ्य क्षेत्रको खर्च मितव्ययिताका लागि बरहथवा नगरपालिका अन्तर्गतका वडा स्तरीय स्वास्थ्य सेवा केन्द्रहरुमा रहेका दरबन्दिका कर्मचारीहरुलाई नगर अस्पतालमा केन्द्रित गरी सेवा प्रवाह चुस्तदुरुस्त गरिनेछ ।

४. बरहथवा नगर अस्पतालमा विमा सहितको फार्मेसी सेवा संचालनमा ल्याइनेछ ।

५. नेपाल सरकारबाट तोकीएको निःशुल्क औषधि नगरपालिकाबाट खरीद गरी सबै स्वास्थ्य केन्द्रहरुमा औषधिको अभाव रहने समस्याको अन्त्य गरिनेछ । साथै बरहथवा नगरपालिका अन्तर्गतका आयुर्वेद आरोग्य केन्द्र संचालन तथा व्यवस्थापन गरिनेछ ।

६. बरहथवा नगरपालिका अन्तर्गतका प्रत्येक नगरबासीहरुलाई स्वास्थ्य विमा कार्यक्रममा सहभागि हुन प्रोत्साहित गरिनेछ ।

७. स्वास्थ्य स्वंयम् सेविकाहरुलाई थप जिम्मेवारी र थप प्रोत्साहन कार्यक्रम संचालनमा ल्याइनेछ । साथै नगर क्षेत्र भित्रका गरीब तथा सीमान्तकृत समुदायका महिलाहरुको सुरक्षित सुत्केरीका लागि विशेष प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

८. यस बरहथवा नगरपालिका अन्तर्गत संचालित बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी ढंगबाट संचालन गरिनेछ ।

९. बरहथवा नगरपालिका अन्तर्गतको गरीब तथा सीमान्तकृत समुदायका विरामीहरुलाई नीजि अस्पतालमा उपचारका लागि जनस्वास्थ्य ऐन, बनाई लागु गरिनेछ ।

➢ ***“शिक्षामा सुधार, प्रगतिको आधार”*** **मूल नाराका साथ शिक्षा युवा तथा खेलकुद विकास सम्बन्धि नीतिहरु**

१. सँस्थागत (नीजि) विद्यालयहरुमा गरिब तथा सीमान्तकृत समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ती अनुदानमा निःशुल्क पठन पाठनको व्यवस्था मिलाउन चालु आ.व.मा कार्यविधि तयार गरी कार्यान्वयन गरिएकोमा यस कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२. शिक्षकहरुका लागि विद्युतीय हाजिरी (ई-एटेन्डेन्स) संचालन गरिएकोमा (ई-एटेन्डेन्स) को प्रतिवेदनको आधारमा विद्यालय तहका शिक्षकहरुको मासिक पारिश्रमिक उपलब्ध गराउने कार्य अगाडि बढाइनेछ ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा भौतिक पूर्वाधार निर्माण गर्न पहल गरिनेछ । साथै विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दि कायम गरी विद्यालयको आवश्यकता अनुसार स्वयमसेवक शिक्षक परिचालन गर्ने कार्यको निरन्तरता दिइनेछ ।

४. नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु मध्ये सूचकको आधारमा उत्कृष्ट विद्यालय छनौट गरी विद्यालय तहमा नवप्रवर्तनीय आयोजना लागु गरिनेछ ।

५. सामुदायिक विद्यालयमा संचालित दिवा खाजा कार्यक्रमलाई पारदर्शि, गुणस्तरीय र प्रभावकारी रुपमा संचालनका लागि स्थलगत अनुगमन तथा मूल्यांकन गर्ने परिपाटिको विकास गरिनेछ ।

६. प्रत्येक विद्यालयमा शुद्ध खानेपानी र लैंङ्गीकमैत्री सुलभ शौचालयको व्यवस्था गरिनेछ । साथै विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि प्रत्येक महिनाको अन्तिम शुक्रवार पुस्तक रहित अतिरिक्त कियाकलाप गर्ने कार्यको निरन्तरता दिइनेछ ।

७. नगर क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरुमा आधुनिक वालविकास केन्द्र संचालन अभियानलाई निरन्तरता दिई मन्टेश्वरी शिक्षा प्रणाली लागु गरिनेछ । साथै नगर भित्रका विद्यालयहरुका उत्कृष्ट प्र.अ., शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिलाई सूचकको आधारमा छनौट गरी सम्मान गरिनेछ ।

८. नगर प्रमुखसँग प्रत्यक्ष संवाद हुने गरी **मेयर सँग वालवालिका** कार्यक्रम संचालन गरिनेछ । साथै लागु औषध नियन्त्रणका लागि नेपाल प्रहरी र ससस्त्र प्रहरी संग सहकार्य गरी विद्यालय स्तरमा सचेतना मूलक कक्षा संचालन गरिनेछ ।

९. युवा तथा खेलकुद सम्बन्धी नगरस्तरीय संजाल लाई सक्रिय गराइ प्रतिभाको पहिचान सहित स्थानीय स्तरमा राष्ट्रिय स्तरको खेलाडी उत्पादन गर्ने कार्यको निरन्तरता दिइनेछ ।

➢ ***"स्थानीय स्तरमै रोजगारीको अभिवृद्धि, बरहथवा नगर बासीको समृद्धि"* मूल नाराका साथ रोजगारी अभिवृद्धि तर्फका नीतिहरु**

१. स्थानीय स्तरमा युवाहरुलाई स्वरोजगारीका लागि आवश्यकताका आधारमा सीप, पुँजी र प्रविधि सँग जोड्ने नगर स्तरीय स्टार्ट अप कर्जा कार्यक्रम संचालन गरी रोजगारी अभिवृद्धि गरिनेछ ।

२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको प्रभावकारी रुपमा संचालन गरी गरिब तथा सीमान्तकृत समुदायलाई उद्यमी बनाउने र नयाँ उद्यमीहरुलाई बजार क्षेत्रमा व्यवसाय गर्न उपयुक्त स्थान उपलब्ध गराउने नीतिको प्रभावकारी कार्यान्वय गरिनेछ ।

३. वास्तविक बेरोजगारहरुको तथ्यांक अद्यावाधिक गरी प्रधानमन्त्री रोजगार कार्यक्रम लाई थप प्रभावकारी बनाइनेछ ।

४. बैदेशिक रोजगारमा जाने युवाहरु अदक्ष भइ कामदारको रुपमा जाँदा न्यून पारिश्रमिकमा काम गर्नुपर्ने बाध्यताको अन्त्य गर्न सीपमूलक तालीम कार्यक्रमहरु विभिन्न संघ संस्थाहरुको सहकार्यमा संचालन गरि दक्ष कामदार उत्पादन गरिनेछ ।

५. नेपाल सरकारले लिएको लक्ष्य बमोजिम वैदेशिक रोजगारलाई ब्यबस्थित, सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउनको लागि आप्रवासन कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६. वैदेशिक रोजगारमा हुन सक्ने सम्भावित ठगि तथा समस्याहरुको न्यूनीकरण गर्न सहि सुचना प्रदान गर्न आप्रवासी स्रोत केन्द्र ( सहायता कक्ष) को व्यवस्थापन तथा सञ्चालन गरिनेछ ।

७. वैदेशिक रोजगारबाट प्राप्त सीप, पूँजी, ज्ञान तथा प्रविधिको उपयोग गरी उत्पादनमूलक क्षेत्रमा लगानी गराउन र रोजगारी सृजना गर्न प्रोत्साहन तथा सहकार्य गर्ने नीति लिइनेछ ।

➢ ***"लैंङ्गीक तथा समाजिक समावेशिकरणको आवश्यकता, बरहथवा नगरपालिकाको प्राथमिकता"* सहित महिला, बालबालिका तथा जेष्ठ नागरिक लगायत अन्य लक्षित वर्गहरु सम्बन्धित नीतिहरु**

१. बरहथवा नगरपालिकाको स्वीकृत लैंङ्गीक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा ल्याइनेछ ।

२. नगर क्षेत्र भित्र बालिका तथा समावेशी शिक्षा संजाल परिचालन तथा अनुशिक्षण सम्बन्धि कार्यक्रमहरुको निरन्तरता दिइनेछ ।

३. गरिब तथा सिमान्तकृत समुदायमा **सुरक्षा तथा न्याय** कार्यक्रम संचालनका लागि वैदेशिक दातृ निकायहरु संग समन्वय सहकार्य गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

४. लैंगिकतामा आधारित हिंसा नियन्त्रण तथा न्याय सेवामा बन्चितवर्गको पहुँच सुनिश्चित गर्ने कार्यक्रमहरु संचालनमा जोड दिइनेछ ।

५. विद्यालय बाहिर रहेका किशोरीहरुलाई जीवन उपयोगी शिक्षा, उद्यमशिलता विकास तथा सीप मूलक तालिम कार्यक्रम संचालन गरिनेछ ।

६. बालबालिका माथि हुने शारीरिक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यवहार विरुद्ध कार्यक्रम संचालन गरिनेछ ।

७. चालु आ.व.मा सर्वेक्षण भई अपाङ्गता सहायता सामाग्री पाउँन छुटेका व्यक्तिहरुलाई आगामी आ.व.मा उपलब्ध गराइनेछ ।

८. वालविवाह, लैंङ्गीक हिंसा, दाईजो प्रथा जस्ता कुरितीहरु विरुद्ध सचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

९. असक्त जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता घरदैलोमा नै पुऱ्याउने व्यवस्था गरिनेछ र नि:शुल्क स्वास्थ्य परीक्षण सम्बन्धि सिविर संचालनको व्यवस्था मिलाइनेछ ।

१०. सेभ द चिल्ड्रेन र स्थानीय गैरसरकारी सँस्थाहरुको सहयोगमा वालविकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

११. महिला वालवालिकाका तथा जेष्ठ नागरिकहरुको सवालमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सँस्थाहरुलाई नगरले उच्च प्राथमिकतामा राख्नेछ ।

➢ ***"दिगो पूर्वाधारको निर्माण, बरहथवा विकासका लागि बरदान"* मूल नारा सहित भवन, आवास र पूर्वाधर विकास सम्बन्धि नीतिहरु**

१. बरहथवा नगरपालिका अन्तर्गतका वडा नं. १ देखि १८ सम्मका सबै वडाहरुमा पर्ने गरी सडक कालोपत्रे गर्ने योजनालाई यस वर्ष नगर गौरवको आयोजनाको रुपमा कार्यान्वयन गरिनेछ ।
२. नेपाल सरकार, राष्ट्रिय योजना आयोग र बरहथवा नगरपालिकाको लागत साझेदारीमा समपुरक अनुदान अन्तर्गत स्वीकृत भएको हजरिया खेल मैदान देखि मुन्ना चोक हुँदै वागमती नदी पुल सम्मको सडक निर्माण कार्य तत्काल अगाडि बढाइनेछ ।
३. बरहथवा बजार तथा ग्रामीण आवास क्षेत्रमा रहेका नालाहरुको निकास नभई पानी जम्ने समस्याको दीर्घकालिन समाधानका लागि पुराना नालाहरुको स्तरोन्नती तथा नयाँ नाला, निर्माण कार्य गरिनेछ ।
४. निर्माण कार्यको अन्तिम चरणमा रहेको चामल तथा रेडिमेड बजारमा २५ कोठे व्यवसायिक भवन पूर्वाधारको निर्माण कार्य आगामी आ.व. सम्म सम्पन्न गराइनेछ ।
५. हालको गोरु, भैंसी, पाडा जस्ता पशु बजारको बैकल्पिक स्थानमा व्यवस्थापन गरी हालको गोरुबजारमा ग्रीन पार्क सहित दुर्गा मन्दिर निर्माण कार्य उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
६. बरहथवा नगरपालिका वडा नं. ५, सोती पुल देखि ओशो ध्यान केन्द्र, शान्तिवाटिका क्षेत्र हुँदै नयाँ बस पार्क सम्म पदमार्ग, ग्रीन पार्क सहितको सोती कोरिडोर निर्माण गर्न स्वीकृत विस्तृत परियोजना (DPR) बमोजिम निर्माण कार्य प्रारम्भ भएकोमा सो लाई निरन्तरता दिइनेछ ।
७. नगर क्षेत्र भित्र रहेका अतिविपन्न, सिमान्तकृत र भुमिहिन परिवारलाई सुरक्षित बसोवासको लागि उपयुक्त स्थानमा नमुना बस्ती निर्माण गरी आवासको प्रबन्ध मिलाईने छ ।
८. नगर कार्यपालिकाको कार्यालय देखी वडा कार्यालयसम्मका सबै सडकहरुको स्तरोन्नती गरी नमूना सडक विस्तार आयोजना निरन्तर कार्यान्वयनमा ल्याइनेछ ।
९. भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्नुको साथै ऐलानी, पर्ती, सार्वजनिक जग्गा व्यवस्थापन गर्ने कार्य विशेष प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
१०.

➢ ***"पर्यटन क्षेत्र र पूर्वाधार, समृद्ध बरहथवा मूल आधार"* मूलनाराका साथ पर्यटन प्रर्वद्धन सम्बन्धि नीतिहरु**

१. चालु आ.व.मा लिएको नीति अनुसार निर्माण कार्य प्रारम्भ भएको बरहथवा नगरपालिका वडा न. ९ को **"मुक्तेश्वर बाबा धाम "** पर्यटकीय क्षेत्रको डि.पी.आर.अनुसार निर्माण कार्य लाई निरन्तरता दिइनेछ ।
२. हिरापुर ब्यारेजमा व्यवस्थित माछा ताल, बोटिङ्ग, फिसिङ्ग सहितको पर्यटकीय स्थल निर्माणका लागि विस्तृत परियोजना प्रस्ताव तयार पारी सम्बन्धित सरोकारवाला मन्त्रालय संग समन्वय गरिनेछ ।
३. बरहथवा नगरपालिका अन्तर्गत वडा नं. १० मा रहेको गुलरिया मनको जग्गा संरक्षण तथा ताल सहितको पर्यटकीय स्थल निर्माणका लागि प्रारम्भीक चरणको कार्य अगाडि बढाइएकोमा सो कार्यको विस्तृत अध्ययन प्रतिवेदन **DPR** तयार पारी निर्माण कार्य निरन्तर अगाडी बढाइनेछ ।
४. सोती, मनुष्मारा, एकादशी, बुढिबाग्मती, ढावी, झिङ्गयाही लगायतका स्थानीय नदीहरुको पानीका मूहान सुक्नबाट रोक्ने तथा प्राकृतिक सौन्दर्यता सहित पर्यटकीय स्थल निर्माण सम्बन्धि विस्तृत अध्ययन प्रतिवेदन तयार पारी निर्माण कार्य क्रमशः अगाडी बढाइनेछ ।

➢ ***"शुद्ध खानेपानी, स्वस्थ जिन्दगानी"* मूल नारा सहित खानेपानी र सरसफाई सम्बन्धि नीतिहरु**

१. बरहथवा नगरपालिका अन्तर्गत वडा नं. ५ मा अवस्थित ४,५०,००० लिटर क्षमता भएको खानेपानी तथा सरसफाई आयोजनाको आवश्यक पूर्वाधारको जिर्णोधार गरी नयाँ पाइपलाइन विस्तार कार्यको निरन्तरता दिँदै उक्त खानेपानी योजना आगामी आ.व.मा पुनः संचालन गरिनेछ ।
२. युनिसेफ सँगको सहकार्यमा वासप्लान तयार पारी शुद्ध खानेपानी तथा स्वच्छता अभियान कार्यक्रमलाइ उच्च प्राथमिकताका साथ लागु गरिनेछ ।
३. हजारियामा रहेको खानेपानी आयोजनाको आवश्यक पूर्वाधार निर्माण गरी संचालन कार्यलाई प्राथमिकताका साथ अगाढि बढाइनेछ ।
४. बरहथवा न.पा. वडा नं. ९ पैंतालिस विगाहाका बासिन्दाहरुका लागि शुद्ध खानेपानीको व्यवस्था गर्ने कार्य उच्च प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
५. खानेपानी आयोजना अन्तर्गत मिनिरल वाटर उद्योग निर्माण गरी सहुलियत दरमा शुद्ध पानी नागरिकलाई उपलब्ध गराउने र नगरपालिकाको दिगो आय सुनिश्चित गर्ने नीति कार्यान्वयमा ल्याइनेछ ।

६. नगरक्षेत्र सरसफाई सम्बन्धी गुरुयोजना बनाई दीर्घकालीन फोहरमैला व्यवस्थापन सम्बन्धी रणनीतिक योजना कार्यान्वयनमा लाइनेछ ।
७. वैज्ञानिक मापदण्ड अनुसारको फोहर व्यवस्थापन केन्द्र निर्माण गरि फोहरबाट मोहर बनाउने अत्याधुनिक योजना तथा कार्यक्रम कार्यान्वयमा ल्याइनेछ ।
८. घरबाट निस्कने फोहरलाई घरघरमै स्तरीकरण गरी शुल्कमा आधारित फोहर संकलन तथा सरसफाई सम्बन्धि कार्यक्रम कार्यान्वयनको निरन्तरता दिइनेछ ।

➢ **उर्जा विकास सम्बन्धि नीतिहरु**

१. बरहथवा नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुको सर्वेक्षण गराई नगर क्षेत्र भित्रका सबै बस्ती तथा घर-घर सम्म घरवत्ति विद्युतिकरण कार्य पहिलो प्राथमिकतामा राखी सम्पन्न गरिनेछ ।
२. गाउँ घरमा खाना पकाउनको लागि प्रयोग हुने गुँईठाको प्रतिस्थापन गरि विद्युतिय चुल्हो, सुधारिएको चुल्हो, र बायोग्याँस जस्ता जैविक उर्जामा आधारित प्रविधिको प्रयोगलाई विस्तार गरिने छ ।
३. बरहथवा नगरपालिका अन्तर्गतका मूल सडक तथा बजार चोकहरुमा अत्याधुनिक सडक बत्ति जडान गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
४. सौर्य उर्जा प्रविधिबाट सिँचाइ गर्ने किसानलाई अनुदानका लागि पहल गरिनेछ ।

➢ **वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीतिहरु**

१. बरहथवा नगरपालिका र डिभिजन वन कार्यालय, सर्लाहीसँगको साझेदारीमा हजार विगाहा देखि इलाका प्रहरी कार्यालय सम्म र वडा नं. ७ को दुध चिस्यान केन्द्र देखि दक्षिण पुरैनिया सम्मको सडक पेटिमा वृक्षारोपण कार्य भएकोमा यसको संरक्षण र विस्तार गर्ने कार्यको निरन्तरता दिइनेछ ।
२. विपद् जोखिमको सम्भावित क्षेत्रहरुको अध्ययन, विश्लेषण तथा कार्ययोजना बनाई विपद् जोखिम नियन्त्रण गर्ने यु.के. सरकार संगको साझेदारीमा (रेन परियोजना) कार्यक्रम संचालन गरिनेछ ।
३. आगलागी बाट हुने धनजनको क्षती नियन्त्रणका लागि हरिवन नगरपालिकासँगको साझेदारी संचालित वारुण यन्त्र संचालन कार्यको निरन्तरता दिइनेछ ।
४. नगर क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न, खाली, पर्ती जग्गा, नदी उकास क्षेत्र, सार्वजनिक जग्गाहरु र सडकको दायाँ बायाँ ठाउँ अनुसार उपयुक्त काठ, जडिबुटि र फलफुलका विरुवाहरु रोपण गरी शहरी सौन्दर्यता र आय आर्जन बढाउन हरित क्षेत्र विकास कार्यक्रमको निरन्तरता दिइनेछ ।
५. नगरको फोहोर मैलाको व्यवस्थापनमा निजी क्षेत्र समेतलाई परिचालन गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप शुल्कमा आधारित फोहोरमैला संकलन तथा व्यवस्थापन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

➢ **सुशासन, सार्वजनिक सेवा प्रवाह र संस्थागत विकास सम्बन्धि नीतिहरु**

१. वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाई सो को आधारमा चौमासिक विस्तृत कार्ययोजना तयार पारि योजनाहरु कार्यान्वयमा ल्याइनेछ ।
२. नगर र वडाको कार्यसम्पादनलाई केन्द्रित गरी चौमासिक समिक्षा गरि वेवसाइटबाट स्वत: प्रकाशन प्रतिवेदन चौमासिक रुपमा तयार पारि सार्वजनिक गरिनेछ ।
३. स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्यांकनका सूचकहरुको आधारमा कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास योजना तयार पारि कार्यान्वयनमा ल्याइनेछ ।
४. विगतका पेश्की बेरुजु फछ्र्यौट सम्बन्धी कार्ययोजना बनाई कडाइका साथ लागु गरिनेछ ।
५. नतिजामा आधारित कार्यसम्पादन प्रणालीको अबलम्बन गरी नगर प्रमुखसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरुको कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तहरुलाई कार्यसम्पादन मुल्यांकनको आधार बनाईने छ । साथै कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ ।
६. बरहथवा नगरबासीहरुको गुनासोहरुको समयमा सम्बोधन गर्नका लागि अनलाईन गुनासो सुनुवाई पोर्टल संचालन गरी प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।
७. नगर प्रमुखसंग प्रत्यक्ष संवाद हुने गरी **जनतासँग मेयर** कार्यक्रम संचालन गरिनेछ ।
८. बरहथवा नगरपालिका अन्तर्गतको सरकारी कार्यालयहरुको अनुगमन गरी जनताको सेवा सुविधाहरुलाई प्रभावकारी बनाइनेछ ।
९. नगरकार्यपालिका अन्तर्गतका जनप्रतिनिधि तथा कर्मचारीहरुको स्वास्थ्य विमामा ५० प्रतिशत अनुदान दिइनेछ र नगर सभाबाट स्विकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुको १० प्रतिशत संचय कोष बापत कट्टा गरी नगर कार्यपालिकाको कार्यालयबाट १० प्रतिशत थप गरी दाखिला गरिनेछ । साथै कार्यरत कर्मचारीहरुको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराइनेछ ।

## आर्थिक वर्ष २०८२/०८३ को बजेट सारांश

| प्रस्तावित आय तर्फ | | | प्रस्तावित व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| **क.सं.** | **स्रोत विवरण** | **रकम रु.** | **योजना तथा कार्यक्रम** | **रकम रु.** | |
| १ | **संघीय सरकार बाट प्राप्त** | | कार्यालय संचालन प्रशासनिक खर्च | ११२०००००० | ११ करोड १२ लाख |
| १.१ | संघीय राजस्व बाँडफाँड | १४०९९८०८४ | सडक कालोपत्रे बहुवर्षीय आयोजना निरन्तरता | ९०००००००० | ९ करोड |
| १.२ | संघीय समानिकरण अनुदान | १६७६०००००० | समपुरक आयोजना संचालन खर्च | २००००००० | २ करोड |
| १.३ | नगर अस्पतालबाट प्राप्त आम्दानी | ६०००००० | शिक्षा तथा **खेलकुद** | २०८००००० | २ करोड ८ लाख |
| १.४ | विषयगत शर्शत अनुदान चालु | २८९५०००००० | स्वास्थ्य सेवा कार्यक्रम खर्च | १९०००००० | १ करोड ९० लाख |
| १.५ | विषयगत शर्शत अनुदान पुँजीगत | १९६००००० | स्वास्थ्य क्षेत्रमा भैपरि आउने खर्च | ३५००००० | ३५ लाख |
| १.६ | संघीय समपुरक | ८७००००० | कृषि विकाश कार्यक्रम, | १०५०००० | १० लाख ५० हजार |
| १.७ | संघीय विशेष अनुदान चालु | ११२००००० | प्रदेश सरकारको लागत साझेदारीमा कृषि बिधुतिकरण | १४५००००० | १ करोड ४५ लाख |
| १.८ | नगरपालिकाको आन्तरिक आय | ६०००००००० | पशु विकाश कार्यक्रम | १०५०००० | १० लाख ५० हजार |
| १.९ | सडक बोर्ड नेपाल | ७५००००० | भुमि व्यवस्थापन कार्यक्रम | २३००००० | २३ लाख |
| १.१० | सडक बोर्ड नेपाल | ० | महिला, वालवालिका तथा जेष्ठ नागरिक कार्यक्रम | १३००००० | १३ लाख |
| | | ० | सामी, मेडपा लागत साझेदारी | १८४०००० | १८ लाख ४० हजार |
| | | ० | गरिवी निवारण तथा रोजगारी अभिवृद्धि | ५००००० | ५ लाख |
| | **जम्मा** | ७११०९८०८४ | नगर स्तरीय भौतिक निर्माण विकाश कार्यक्रम | २६७००००० | २ करोड ६७ लाख |
| २ | **प्रदेश सरकारबाट प्राप्त** | | बन वातावरण तथा विपद्ब्यवास्थापन र न्यायिक | २०००००० | २० लाख |
| २.१ | प्रदेश वित्तीय समानिकरण | ११६३४००० | संस्थागत विकाश तथा सुशासन | ५०९६५४ | ५ लाख ९ हजार ६ सय ५४ |
| २.२ | प्रदेश राजस्व बाँडफाँड | १०९१७५७० | वडा स्तरीय योजना तथा कार्यक्रम संचालन खर्च | १०२१००००० | १० करोड २१ लाख |
| २.३ | प्रदेश सरकारको सशर्त अनुदान | ९५००००० | संघीय विषयगत शर्शत अनुदान चालु | २८९५०००००० | २८ करोड ९५ लाख |
| २.४ | प्रदेश समपुरक | २०००००० | संघीय विषयगत शर्शत अनुदान पुँजीगत | १९६००००० | १ करोड ९६ लाख |
| २.५ | प्रदेश विशेष | ३०००००० | संघीय समपुरक अनुदान, **सडक कालोपत्रे योजना** | ८७००००० | ८७ लाख |
| | **प्रदेश सरकारबाट प्राप्त आय** | ३७०५१५७० | संघीय विशेष अनुदान खर्च | ११२००००० | १ करोड १२ लाख |
| | **प्रदेश र संघ बाट प्राप्त कुल आय** | ७४८१४९६५४ | **कुल जम्मा** | ७४८१४९६५४ | **७४ करोड ८१ लाख ४९ हजार ६ सर ५४** |